यस व्यास नगरपालिकाको १५६ औं बैठक आज मिति २०७९/९/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री हरिराम नागिला | अनुपस्थित |
| का.वा.अध्यक्ष ७ | श्री श्री सरस्वीत सुनार | उपस्थित |
| नि.प्र.प्रशासकीय अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: २०७९/९/७ मा भएको कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: ३८ औं नगर सभामा पेश गरिने विभिन्न विधेयक एवं ऐन संशोधन प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.३: ३८ औं नगर सभामा पेश गरिने नीति कार्यक्रम र बजेट कार्यक्रम संशोधन प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.४: ३८औं नगर सभामा पेश गरिने विभिन्न प्रस्ताव तयारी सम्बन्धमा ।
प्रस्ताव नं.५: व्यास नगरपालिका र राष्ट्रिय आवास तथा बस्ती उत्थानसिल समन्वयसँग सहकार्य सम्झौता गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: सडक बोर्ड अनुदान सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.७: व्यास नगरपालिका र राष्ट्रिय आवास तथा बस्ती उत्थानसिल समन्वयसँग सहकार्य सम्झौता गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: व्यास नगरपालिकाको आ.व. २०७९/०८० को बजेट कार्यक्रम अन्तर्गत खर्च विवरण सम्बन्धमा ।
प्रस्ताव नं.९: जग्गा विकास आयोजना अन्तर्गत आवश्यक जनशक्ति माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: साविक भोगचलनका जग्गामा विभिन्न योजना सञ्चालन अनुमती सम्बन्धमा ।
प्रस्ताव नं.११: व्यास नगरपालिकाको संगठन संरचना संशोधन प्रस्ताव सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/९/७ गते कार्यपालिका बैठकबाट भएका निर्णयहरुको समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा २०७९/९/२८, २९ गते हुने नगरसभामा पेश गरिने निम्न लिखित विधेयकहरु सम्बन्धित विषय समितिले विधायन समिति मार्फत सिफारिस भई आएका मस्यौदाहरुलाई संशोधन सहित नगर सभामा पेश गर्ने निर्णय गरियो ।

(१) व्यास नगरपालिका स्वास्थ्य विधेयक, २०७९
(२) व्यास नगरपालिका वन विधेयक, २०७९
(३) व्यास नगरपालिका संघ/संस्था दर्ता नियमन विधेयक, २०७९
(४) व्यास नगरपालिका शहरी योजना आयोग/गठन सञ्चालन विधेयक, २०७९
(५) व्यास नगरपालिका सवारी तथा यातायात विधेयक, २०७९
(६) व्यास नगरपालिका प्रज्ञाप्रतिष्ठान ऐन, २०७८ लाई संशोधन गर्न प्रस्तावित विधेयक, २०७९
(७) व्यास नगरपालिका वातावरण तथा प्राकृतिक श्रोत संरक्षण विधेयक, २०७९

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ३७ औं नगरसभाबाट पारित भएको नीति कार्यक्रम, बजेट कार्यक्रम र राजश्वका दरहरुको संशोधन एवं समिक्षा प्रस्ताव पेश गर्न निम्नानुसार जिम्मेवारी तोक्ने निर्णय गरियो ।

(१) नीति कार्यक्रमको समिक्षा प्रस्ताव – नगर प्रमुख
(२) बजेट कार्यक्रम संशोधन प्रस्ताव – उपप्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समिति,
(३) राजश्वका दरमा संशोधन प्रस्ताव – उप प्रमुखको संयोजकत्वमा रहेको राजश्व परामर्श समिति,
(४) आर्थिक विधेयक, २०७९ विनियोजन विधेयक, २०७९ संशोधन प्रस्ताव – उपप्रमुख

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको ३८ औं नगर सभामा मिति २०७९/९/२९ गते पेश गरिने विभिन्न समसामयीक प्रस्ताव तयारीका लागि निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक – श्री इन्दिरा दरै, उपप्रमुख
(२) सदस्य – प्रमुख पशासकीय अधिकृत
(३) सदस्य – श्री जीवन कुमार गुरुङ्ग (प्रवक्ता) वडा अध्यक्ष वडा नं.६
(४) सदस्य – श्री विष्णु कुमार श्रेष्ठ (हिमाल) वडा अध्यक्ष वडा नं.५
(५) सदस्य – श्री चन्द्रमाया परियार (कार्यपालिका सदस्य)

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) सम्बन्धी मूल्याङ्कन प्रस्ताव कार्यपालिका बैठकमा पेश भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा गत आर्थिक बर्षमा सडक बोर्ड नेपालको अनुदान सहयोग र व्यास नगरपालिका कार्यालयको लागत साझेदारीमा ठेक्का सम्झौता भएको शहरी कालोपत्रे सडकहरुको (आवधिक) मर्मत योजनाको अन्तिम किस्ता निकासाको लागि सडक बोर्ड नेपालमा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोग (NDRRMA) सँगको साझेदारीमा यस नगरपालिकामा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन (DRRM) का लागि प्राविधिक समन्वय र क्षमता सुदृढिकरण गर्ने सम्बन्धी राष्ट्रिय आवास तथा बस्ती उत्थानसिल समन्वय मञ्च बीच सम्झौता गर्न नगर प्रमुखलाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७९/०८० को बजेट कार्यक्रम अन्तर्गत कुल बजेट रू.१६५५४५१०००/- मध्ये समग्रमा २२% ले बजेट खर्च भएको र उक्त खर्च भएको बजेटमा चालु तर्फ २८% एवं पूँजिगत तर्फ १४% खर्च भएको आय तर्फ संघीय बजेट ४९%, प्रदेश स्तरीय बजेट १२%, स्थानीय आयमा १५% र सामाजिक सुरक्षा अन्तर्गत ५६% प्राप्त भएको आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरणको जानकारी लिई आगामी नगर सभामा आर्थिक प्रगती समिक्षा लेखा समिति मार्फत पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा बैरेनी जग्गा विकास आयोजनाका लागि आवश्यक निम्नानुसारको जनशक्ति नगर विकास कोषसँग उपलब्ध गराईदिनु हुन भनी अनुरोध गर्ने निर्णय गरियो ।
(१) शहरी योजनाकार – १ (एक)
(२) सिभिल ईन्जिनियर – १ (एक)

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा प्रदेश सरकार, संघीय सरकार एवं यस नगरपालिकाबाट निर्णय भएको मठ, मन्दिर, सामुदायिक भवन, टोल विकास संस्थाको भवन, आमा समूह, क्लव, भवनहरु नीजि स्वामित्वका जग्गामा निर्माण गर्न कानूनतः नपाइने व्यवस्था हुँदा त्यस्ता संस्थाहरुको आफ्नै नाउँमा रहेको स्वामित्वको जग्गामा वा सम्बन्धित वडाबाट स्थलगत सर्जमिन, बस्तुस्थिति देखिने फोटो, भोगचलन भएको जग्गाको चारकिल्ला सहित क्षेत्रफल निश्चित गरी आएमा त्यस्ता जग्गाहरुले सन्धी-सर्पन, पानीघाटमा आघात नपर्ने देखिएमा कार्यपालिका बैठकबाट निर्णय गराएर मात्र सम्बन्धित निकायमा भवन निर्माणको सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको संगठन संरचना सम्बन्धी संशोधन प्रस्ताव बैठकमा पेश हुँदा आवश्यक सुझाव सहित आगामी बैठकमा पेश गरी अन्तिम प्रस्ताव नगरसभामा सुशासन समिति मार्फत पेश गर्ने निर्णय गरियो ।